# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम) कर्णाली प्रदेश नेपाल २०७३

पत्र संख्या : २०८०/०८१
चलानी नं. : १०४२

मिति : २०८०/१०/०४

**विषय :- निबन्ध लेखन प्रतियोगिता सम्बन्धमा ।**

**श्री सामुदायिक विद्यालयहरू (सबै),**
**चौरजहारी नगरपालिका, रुकुम (पश्चिम) ।**

उपर्युक्त विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, वीरेन्द्रनगर, सुर्खेतको च.नं. ५२१ मिति २०८०/१०/०४ गतेको निबन्ध लेखन प्रतियोगिता सम्बन्धमा लेखिएको पत्र यसैसाथ संलग्न गरिएको छ । थप व्यहोरा सोही पत्रअनुसार गर्न / गराउनु हुन अनुरोध छ ।

२०८०/१०/०४
............
शेरप्रसाद ढकाल
नि.प्रमुख प्रशासकीय अधिकृत

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय

सुर्खेत

☎०८३-५२१९६०
०८३-५२३८८४
Ext. ०८३-५२३१७८
०८३-५२५३७४
✉ciaasurkhet@gmail.com

पत्र संख्या: प्रशासन/०८०/०८१
चलानी नं. ४२१

मितिः-२०८०/१०/०४

**विषयः निबन्ध लेखन प्रतियोगिता सम्बन्धमा।**

श्री नगरपालिका/गाउँपालिका,
नगर/गाउँ कार्यपालिकाको कार्यालय (सबै)
(सुर्खेत/दैलेख/जाजरकोट /सल्यान/रुकुम पश्चिम/रुकुम पूर्व/ हुम्ला/जुम्ला/मुगु/कालीकोट/डोल्पा)।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३ औं स्थापना दिवस (२०८० माघ २८) को अवसरमा निबन्ध लेखन प्रतियोगिता आयोजना गरिने भएकोले आयोगको मिति २०८०/१०/०३ को पत्र एवं आयोगको मिति २०८०/१०/०४ गतेको गोरखापत्रमा प्रकाशित सूचनानुसार तहाँ नगरपालिका/गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा अध्ययनरत कक्षा ९ देखि १२ सम्मका विद्यार्थीको सहभागिताका लागि सम्बन्धित विद्यालयहरुलाई **सूचना** जानकारी गराई आवश्यक सहयोग गरिदिनु हुन अनुरोध छ। साथै तहाँ नगरपालिका/गाउँपालिकामा रहेका माध्यमिक विद्यालयहरुको नाम र इमेल, प्रधानाध्यापकको नाम र सम्पर्क नम्बर ५ (पाँच) दिन भित्र उपलब्ध गराइदिनुहुन समेत आदेशानुसार अनुरोध छ।

**तपशिलः**

१. निबन्धको शीर्षकः **"भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन"** (द्रष्टव्यः निबन्ध मौलिक र अप्रकाशित हुनुपर्नेछ)

२. निबन्धको शब्द सीमाः निबन्ध २००० देखि २५०० शब्दमा नबढाई लेख्नुपर्नेछ।

३. निबन्धको भाषाः निबन्ध नेपाली भाषामा लेख्नुपर्नेछ।

४. सहभागी हुन पाउने विद्यार्थीहरुः कक्षा ९ देखि कक्षा १२ सम्म नियमित अध्ययनरत हुनुपर्नेछ।

५. प्रतियोगितामा सहभागी हुने प्रक्रियाः प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफुले लेखेको निबन्ध साथ आफ्नो नामथर, ठेगाना, विद्यालयको नाम र ठेगाना, अध्ययनरत कक्षा र सम्पर्क नं. सम्भव भएसम्म अभिभावकको समेत सम्पर्क नं. उल्लेख गरी विद्यालयबाट आयोगको सुर्खेत कार्यालयलाई सम्बोधन गरी लेखेको सिफारिस पत्रसमेत संलग्न गर्नुपर्नेछ।

६. निबन्ध आईपुग्नुपर्ने अन्तिम मितिः २०८० साल माघ १९ गतेसम्म कार्यालय समयभित्र लिखित प्रति वा सफ्टकपि (msword) यस कार्यालयमा वा यस कार्यालयको ईमेल ठेगानाः ciaa.surkhet@ciaa.gov.np वा bishnu.neupane@ciaa.gov.np पठाई सक्नु पर्नेछ।

७. २०८० साल माघ १९ गते भित्र प्राप्त हुन आएका लिखित प्रति वा सफ्ट कपिलाई यस कार्यालयमा गठन भएको विज्ञ सम्मिलित मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरिनेछ।

८. यस कार्यालयको प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने १/१ जनालाई क्रमशः रु.१५,०००/-, रु.१२,०००/- र रु.१०,०००/- का दरले पुरस्कृत गरिनेछ। प्रतियोगिता सम्बन्धमा थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०८३-५२३१७८ वा शाखा अधिकृत विष्णु प्रसाद न्यौपानेको मो. नं. ९८५८३२०५३६ मा सम्पर्क गर्न सकिनेछ।

९. निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचनाका लागि आयोगको वेवसाईट www.ciaa.gov.np मा प्रकाशित सूचना यसै साथ संलग्न छ।

विष्णु प्रसाद न्यौपाने
शाखा अधिकृत

*(कृपया पत्राचार गर्दा मिति, पत्र संख्या र चलानी नम्बर अनिवार्य उल्लेख गर्नुहोला।)*

CamScanner

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टङ्गाल, काठमाडौं

## निबन्ध लेखन प्रतियोगितासम्बन्धी सूचना

(प्रकाशित मिति २०८०/१०/०४ गते)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तेत्तीसौं स्थापना दिवस (२०८० माघ २८) औं उपलक्ष्यमा आयोग मातहतका सात वटा कार्यालयहरु (इटहरी, बर्दिबास, हेटौंडा, पोखरा, बुटवल, सुर्खेत र कञ्चनपुर) मार्फत कक्षा ९ देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरूबीच आयोजना गर्न लागिएको **'भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धन'** विषयक **निबन्ध लेखन** प्रतियोगितामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। सहभागीहरूले आफ्नो सिर्जना मिति २०८०/१०/१९ गतेभित्र सम्बन्धित कार्यालयमा प्राप्त हुने गरी पठाइसक्नुपर्नेछ।

आयोग मातहतका कार्यालयहरुमा सहभागीहरु मध्येबाट प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने प्रतियोगीलाई कार्यालयस्तरमा नै पुरस्कृत गरिनेछ। यस सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइट www.ciaa.gov.np मा प्रकाशित गरिएको छ।